# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 13.12.2024**

**पिएम प्रयाग**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ- महाकुम्भ 2025 एकता र समानताको यस्तो महायज्ञ हुनेछ जसले राष्ट्रलाई मार्गदर्शन गर्नेछ र यसको चर्चा समग्र विश्वमा हुनेछ।

उहाँ आज प्रयागराजको संगम क्षेत्रमा महाकुम्भ 2025 को औपचारिक उद्घाटनपछि जनसभालाई सम्बोधन गर्दैहुनुहुन्थ्यो।

महाकुम्भ 2025 आधिकारिक रूपमा आँउदो वर्ष तेह जनवरीदेखि शुरू भएर छब्बीस फरवरीसम्म चल्नेछ।

यस अवसरमा प्रधानमन्त्रीले लगभग पाँच हजार पाँच सय सत्तरी करोड़ रूपियाँका विकास परियोजनाहरूको शुभारम्भ गर्नुभयो।

यीमध्ये प्रयागराजमा पूर्वाधार विकास अनि बाधारहित सम्पर्क सुविधा उपलब्ध हुने विभिन्न रेल र सड़क परियोजनाहरू सामेल छना।

आफ्नो वक्तव्यमा प्रधानमन्त्रीले भन्नुभयो महाकुम्मको अवधिमा प्रयागराजको पावन धरतीमा एउटा नयाँ इतिहास रचिनेछ।

श्री मोदीले भन्नुभयो यो एक दुर्लभ आयोजन हो जो सामूहिकताको शक्तिको प्रतीक हो र यसले जाति वा वर्ग आधारित असमानताहरूलाई समाप्त गर्छ।

उहाँले भन्नुभयो यस आयोजनले एक भारत श्रेष्ठ भारत को वास्तविक प्रतिनिधित्व गर्छ र राष्ट्रलाई मार्गदर्शन गर्छ।

**दिव्याङ् राज भवन**

दिव्याङजन कौशल विकास पुनर्वास र सशक्तिकरण समग्र क्षेत्रीय केन्द्रले आसाम लिङ्जेले दिव्याङ्जन रोजगार कौशल प्रशिक्षण कार्यक्रम अन्तर्गत आज  गान्तोकको राजभवनको भ्रमण कार्यक्रम आयोजन गर्यो।

दिव्याङ्गजनका लागि केन्द्रको सत्तरी घण्टा लामो कार्यक्रमको एक भागको रूपमा यसको आयोजना गरिएको थियो।

भ्रमणका बेला दिव्याङ्ग सहभागीहरूलाई सिक्किमको एउटा ऐतिहासिक धरोहरको अवलोकन गराइयो।

दिव्याङ्ग कौशल विकास पुनर्वास तथा सशक्तिकरण समग्र क्षेत्रीय केन्द्रले यस्तो अवसर प्रदान गरेर दिव्याङ्गहरूको उत्थानमा सहयोग गरेकोमा राज्यपाल श्री ओम प्रकाश माथुरप्रति आभार प्रकट गरेको छ।

यसै महीना दुई तारीकका दिन राज्यको महिला तथा बाल विकास विभाग अन्तर्गत स्यारी स्थित विशेष पाठशालामा प्रशिक्षणको उद्घाटन गरिएको थियो।

त्यसपछि यो साजोङ रूम्तेकमा आयोजित भयो भने रहल प्रशिक्षण आँउदो सोमबार र मंगलवारका दिन आशाम लिङजे स्थित कौशल विकास समग्र क्षेत्रीय केन्द्रमा नै दिइनेछ।

दिव्याङ्जन रोजगार प्रशिक्षण कार्यक्रम, केन्द्रीय सामाजिक न्या तथा अधिकारिता मन्त्रालय अधिन दिव्याङ्गजन सशक्तिकरण विभागको एउटा ध्वजवाहक कार्यक्रम हो।

**युथ फेस्टिभल**

राष्ट्रिय युवा उत्सव 2025 को एक भागको रूपमा पी एम श्री मंगन उच्चतर माध्यमिक पाठशाला आज जिल्ला स्तरीय युवा उत्सव आयोजित भयो।

खेल तथा युवा मामिला विभाग र नेहरू युवा केन्द्र मंगनको संयुक्त तत्वावाधानमा यसको आयोजना गरिएको थियो।

यस अवसरमा राखिएका विभिन्न प्रतियोगिताहरू जिल्लाका पाँचवटा पाठशाला र एउटा क्लबको प्रतिनिधित्व गर्दै उन्साठीजना सहभागी बने।

उत्कृष्ट प्रदर्शन गर्ने प्रतिभागीहरूले आँउदो अठार र उन्नाइस तारीक हुने जिल्ला स्तरीय युवा उत्सवमा प्रतिस्पर्धा गर्नेछन्।

कार्यक्रममा बोल्दै जिल्ला अध्यक्ष श्री कादो लेप्चाले युवाहरूसित आफ्नो भविष्यलाई उज्जवल बनाउन र असल समाजको निर्माण गर्नका लागि कठोर परिश्रम गर्ने आग्रह गर्नुभयो। सोरेङ जिल्लाले पनि आज पीएमश्री सोरेङ सरकारी उच्चतर माध्यमिक विद्यालयमा जिल्ला स्तरीय युवा उत्सव आयोजन गर्यो।

**सेनिटाइजेसन प्रोग्राम**

जिल्ला बाल सुरक्षा इकाइ, देन्ताम र मानेबुङ ग्राम पञ्चायत इकाइमा गत एघार र बाह्र दिसम्वरका दिन लिङ्ग आधारित हिंसामाथि जागरूकता कार्यक्रम आयोजित भयो।

यसमा POCSO ऐन 2012 बाल विवाह निषेध ऐन 2006, किशोर न्याय (हेरचाह तथा सुरक्षा) ऐन 2015, चाइल्ड हेल्पलाइन, महिला घरेलु हिंसा सुरक्षा ऐन 2005 कार्यस्थलमा महिला यौन उत्पीडन ( रोकथाम, निषेध तथा निवारण) ऐन 2013 र अन्य विषयहरूबारे चर्चा गरियो।

कार्यक्रममा अन्यबाहेक आशाकर्मी, आगनवाड़ी कार्यकर्ता र स्थानीय मानिसहरू सहभागी बने।

**डिजास्टर**

गेजिङ कम्युनिटि हलमा आज आपदा को तयारी सम्वन्धमा एक दिवसीय प्रशिक्षण आयोजित भयो।

राष्ट्रिय आपदा प्रतिक्रिया बल NDRF सित मिलेर  यसको आयोजना जिल्ला प्रशासनिक केन्द्र गेजिङले गरेको थियो।

प्रशिक्षणका बेला राष्ट्रिय आपदा प्रतिक्रिया बलका डिपुटी(Deputy) कमान्डेन्ट श्री विवेक कुमारले आपदाका बेला अप्नाउनु पर्ने उपायहरूबारे जानकारी दिनुभयो।

**SICUN**

सिक्किम राज्य सहकारी संघ SICUN ले ASHA फाउण्डेशन कालेबुङसित मिलेर हिजो आसामलिङजेमा निःशुल्क स्वास्थ्य शिविर आयोजन गर्यो।

यसमा आँखा जाँच, आयुर्वेद उपचार र अन्य प्रकारका उपचारहरू गरियो।

उद्घाटन सत्रलाई सम्बोधन गर्दै SUCUN का अध्यक्ष डा. मंगलजीत राईले भन्नुभयो सिक्किम राज्य सहकारी संघले प्रशिक्षण कार्यक्रमहरूलाई मात्र प्राथमिकता नदिएर स्थानीय गाँउलेहरूका लाभार्थ सामाजिक पहलहरू गर्नेगर्छ।

उहाँले सहभागीहरूलाई स्वास्थ्य शिविरमा उपलब्ध संसाधनहरूको पूर्ण रूपमा प्रयोग गर्न प्रोत्साहित गर्नुभयो।

**गुकेश चेस**

भारतीय ग्रैंडमास्टर डी गुकेशले हिजो सिंगापुरमा वर्ल्ड चेस च्याम्पियनशीप जितेर इतिहास रचेका छन्।

गुकेश, विश्वनाथन आनन्दपछि चेसमा विश्व च्याम्पियन बन्ने दोस्रो भारतीय खेलाड़ी भएका छन्। उनी यो च्याम्पियनशीप जित्ने सबैभन्दा कम्ती उमेरका खेलाड़ी हुन्।